# पेट्रोलियम उद्योग (आयकर) नियमावली, २०४१

नेपाल राजपत्रमा प्रकाशित मिति

२०४१।१२।१

संशोधन

पेट्रोलियम उद्योग (आयकर) (पहिलो संशोधन) नियमावली, २०७० २०७०।१।३०

आयकर ऐन, २०३१ को दफा ६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "पेट्रोलियम उद्योग (आयकर) नियमावली, २०४१" रहेको छ ।

(२) यो नियमावली नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।↔

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) "अन्वेषण पूँजिगत खर्च" भन्नाले नियम ३ बमोजिमको अन्वेषण पूँजिगत खर्च सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले आयकर ऐन, २०५८ सम्झनु पर्छ ।

(ग) "करार क्षेत्र" भन्नाले पेट्रोलियम सम्झौता अन्तर्गको करार क्षेत्र सम्झनु पर्छ ।

(घ) "चालू सञ्चालन खर्च" भन्नाले नियम ४ बमोजिमको चालू सञ्चालन खर्च सम्झनु पर्छ ।

(ङ) "ठेकेदार" भन्नाले नेपाल पेट्रोलियम ऐन, २०४० को दफा ८ बमोजिम नेपाल सरकारसँग पेट्रोलियम सम्झौता गर्ने स्वदेशी वा विदेशी लगानीकर्ता सम्झनु पर्छ ।

(च) "पूँजिगत खर्च" भन्नाले नियम ५ बमोजिमको पूँजिगत खर्च सम्झनु पर्छ ।

↔ यो नियमावली मिति २०४२।१२।१८ देखि प्रारम्भ (नेपाल राजपत्र मिति २०४२।१२।१८)

नेपाल कानून आयोग

(छ) "पेट्रोलियम उद्योग" भन्नाले नेपाल पेट्रोलियम ऐन, २०४० बमोजिम ठेकेदारले सञ्चालन गर्ने पेट्रोलियम कार्य सम्झनु पर्छ ।

(ज) "पेट्रोलियम सम्झौता" भन्नाले नेपाल पेट्रोलियम ऐन, २०४० को दफा ८ बमोजिम नेपाल सरकार र ठेकेदारले पेट्रोलियम कार्यको सम्बन्धमा गरेको सम्झौता सम्झनु पर्छ ।

(झ) "व्यापारिक उत्पादन दिन" भन्नाले ठेकेदारले पेट्रोलियम सम्झौता बमोजिम उत्पादन क्षेत्रबाट उत्पादित पेट्रोलियम मूल्य लिई वा नलिई पहिलो पटक अरु कसैलाई हस्तान्तरण गरेको वा साटफेर गरेको वा बिक्री गरेको दिन सम्झनु पर्छ ।

(ञ) "लेखा अवधि" भन्नाले देहायको अवस्थामा बाहेक जनवरी १ तारिखमा शुरु भई डिसेम्बर ३१ तारिखमा अन्त हुने बाह्र महिनाको आय वर्ष सम्झनु पर्छ :-

(क) पहिलो लेखा अवधि व्यापारिक उत्पादन दिनमा शुरु भई सोही वर्षको डिसेम्बर ३१ तारिखमा अन्त हुनेछ ।

(ख) अन्तिम लेखा अवधि ठेकेदारले पेट्रोलियम कार्य गर्न छोडेको दिनमा समाप्त हुनेछ ।

(ट) "त्रैमासिक अवधि (क्यालेण्डर क्वार्टर)" भन्नाले जनवरी १, अप्रिल १, जुलाई १ वा अक्टोवर १ तारेखमा शुरु भई क्रमशः मार्च ३१, जुन ३०, सेप्टेम्बर ३० वा डिसेम्बर ३१ तारेखमा अन्त्य हुने तीन महीनाको अविच्छिन्न अवधि सम्झनु पर्छ ।

३. **अन्वेषण पूँजिगत खर्च** : (१) पेट्रोलियम सम्झौता बमोजिम पेट्रोलियम फेला परेको सूचना दिनु अघि पेट्रोलियम कार्यमा गरिएको सबै खर्च अन्वेषण पूँजिगत खर्च मानिनेछ ।

(२) करार क्षेत्रको कुनै भागमा पेट्रोलियम फेला परेको सूचना दिई सकेपछि गरिएको अन्वेषण पूँजिगत खर्च त्यसरी फेला परेको पेट्रोलियम व्यापारिक महत्वको ठहरिन नआएमा मात्र अन्वेषण पूँजिगत खर्चमा समावेश गरिनेछ ।

नेपाल कानून आयोग

४. **चालू सञ्चालन खर्च** : पेट्रोलियम उद्योगले व्यापारिक उत्पादन दिनपछि गरेको सबै गैर पूँजिगत खर्चहरू र देहाय बमोजिमका खर्चहरू चालू सञ्चालन खर्च मानिनेछः-

(क) पेट्रोलियमको सर्भेक्षण, विकास, उत्पादन शुद्धीकरण, ओसार पसार सञ्चय, हाण्डलिङ्ग तथा डेलिभरी र मर्मत सम्भार तथा त्यस्तै किसिमको कृयाकलापहरू लगायत दैनिक पेट्रोलियम कार्यमा प्रत्यक्ष रूपले प्रयोग गरेको श्रम, मालसामान र सेवाहरूको लागि गरिएका खर्चहरू ।

(ख) पेट्रोलियम कार्यको सम्बन्धमा प्रत्यक्ष रूपले नेपालभित्र वा बाहिर गरिएका साधारण तथा कार्यालय प्रशासन, सेवा तथा सञ्चालन शिर्षस्थ खर्चहरू लगायत प्राविधिक एवं सम्बन्धित सेवाहरू, मालसामानहरू, ढुवानी, भाडा भरौट तथा व्यावसायिक कर्मचारीहरूसम्बन्धी र त्यस्तै किसिमका अन्य खर्चहरू ।

(ग) बीमा खर्च, शुल्क तथा पेट्रोलियम कार्यसँग सम्बन्धित सबै नोक्सानी दावी क्षतिपूर्ति र फैसलाको छिनाफाना गर्न लागेको सबै खर्चहरू ।

(घ) जिन्सी मालसामान अद्यावधिक गर्दा भएको नोक्सानी ।

(ङ) ऋण तथा जमानतको ब्याज, शुल्क र कमिशन ।

(च) डलर र नेपाली मुद्राको सटही दरको परिवर्तनबाट भएको विदेशी मुद्रा विनिमयसम्बन्धी नोक्सानी ।

५. **पूँजिगत खर्च**: पेट्रोलियम उद्योगले साधारणतः एक वर्षभन्दा बढी अवधिको व्यापारिक आयु वा मूल्य भएको मालसामानहरूको लागि गरेको सबै खर्चहरू र देहाय बमोजिमका खर्चहरू समेत पूँजिगत खर्च मानिनेछः-

(क) व्यापारिक उत्पादन दिन भन्दा अघिको पेट्रोलियम कार्यसँग सम्बन्धित खण्ड (ख) देखि (च) सम्ममा समावेश नभएको हदसम्मको सबै खर्चहरू ।

नेपाल कानून आयोग

(ख) व्यापारिक उत्पादन दिनपछि करार क्षेत्रमा गरिएका अन्वेषण एवं सम्भाव्यता कार्यसम्बन्धी सबै खर्चहरू र विकास इनार खन्न, परीक्षण गर्न र पूरा गर्न तथा पेट्रोलियमको उत्पादन, शुद्धिकरण, सञ्चय र ओसार पसार गर्नको निमित्त स्थायी सुविधाहरूको निर्माण गर्न गरिएका सबै खर्चहरू ।

(ग) नेपाली नागरिकहरूलाई शिक्षा तथा तालीम दिनको लागि गरेको खर्चहरू ।

(घ) साइस्मिक तथा अन्य सूचना र प्रतिवेदनहरू खरीद गर्नको लागि नेपाल सरकारलाई तिरेको शुल्कहरू ।

(ङ) पेट्रोलियम सम्झौता बमोजिम अधिकार प्राप्त गर्ने वा हस्तान्तरण गर्ने सम्बन्धमा गरेको खर्चहरू ।

(च) व्यापारिक उत्पादन दिनपछि पेट्रोलियम सम्झौता बमोजिम पेट्रोलियम कार्यमा गरेका सबै अन्य पूँजिगत खर्चहरू ।

६. **समावेश नगरिने खर्च** : यस नियमावलीको अन्य नियमहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि चालू सञ्चालन खर्च वा पूँजिगत खर्चमा देहाय बमोजिमका खर्चहरू समावेश गरिने छैनः-

(क) देहायको बन्देज नघाई गरेको खर्चहरूः

(१) पेट्रोलियम उद्योगले प्रत्यक्ष रूपले सम्पन्न गरेको कार्यको खर्च वास्तविक खर्चभन्दा बढी हुनु हुँदैन, साथै त्यस्तो खर्च त्यस्तै कामको लागि असम्बद्ध तेस्रो पक्षले लिने प्रतिस्पर्धात्मक दरभन्दा बढी हुनु हुँदैन ।

(२) नेपालभित्र गरेको शीर्षस्थ खर्च वास्तविक खर्चभन्दा बढी हुनु हुँदैन ।

(३) पेट्रोलियम उद्योगले (र पेट्रोलियम उद्योगसित सम्बद्ध सबै निकायले) नेपाल बाहिर गरेको शीर्षस्थ खर्च नेपाल सरकारले

अग्रिम स्वीकृत गरेको वार्षिक रकमभन्दा बढी हुनु हुँदैन । त्यस्तो रकम कुनै पनि हालतमा देहायको हदभन्दा बढी हुने छैनः-

| नेपाल बाहिर गरेको शीर्षस्थ खर्च बाहेक वार्षिक खर्चको खण्ड | शीर्षस्थ खर्चको हद |
|---|---|
| १०,००,००० डरलसम्म | - ५ प्रतिशत |
| १०,००,००० देखि ५०,००,००० डलरसम्म | - ३ प्रतिशत |
| ५०,००,००० देखि २,००,००,००० डलरसम्म | - १ प्रतिशत |
| २,००,००,००० डलरभन्दा माथि | -०.२५ प्रतिशत |

(४) मालसामान र कटकेन्दारहरूको सेवाको लागि गरेको खर्च वास्तविक खर्चभन्दा बढी हुनु हुँदैन साथै त्यस्तै मालसामान र सेवाको लागि करार गरेको समयमा असम्बद्ध तेस्रो पक्षले लिने प्रतिस्पर्धात्मक दरभन्दा बढी हुनु हुँदैन ।

(५) मालसामान, उपकरण र अन्य सामग्री प्राप्त गर्न वा वहालमा लिन र सुविधाहरूको निर्माण गर्न गरेको खर्च वास्तविक खर्च भन्दा बढी हुनु हुँदैन र त्यस्तै सामानहरूको निर्माण खर्च बहाल र प्रतिस्पर्धात्मक मूल्य भन्दा बढी हुनु हुँदैन साथै त्यस्तो खर्चमा कुनै मार्क अप वा पेट्रोलियम उद्योग वा त्यसको कुनै सम्बद्ध कम्पनीहरूले प्राप्त गरेको कमिशन समावेश हुनु हुँदैन ।

(६) ऋण तथा जमानतको व्याज, शुल्क र कमिशनको दर नजिकको असम्बद्ध तेस्रो पक्षसँगको कारोवारमा प्रचलित प्रतिस्पर्धात्मक दरभन्दा बढी हुनु हुँदैन ।

(ख) पेट्रोलियम सम्झौता बमोजिम करार क्षेत्रको पेट्रोलियम कार्यसित प्रत्यक्ष रूपले सम्बन्धित नभएको खर्च ।

(ग) नेपालमा वा विदेशी मुलुकमा तिरेको आयकर वा दण्ड जरिवाना ।

नेपाल कानून आयोग

(घ) नेपाल बाहिर पेट्रोलियम बिक्री गर्न गरेको खर्च र नेपालको निर्यात केन्द्र बाहिरको पेट्रोलियमको ढुवानी, सञ्चय, हाण्डलिङ्ग र निर्यात खर्च ।

(ङ) पेट्रोलियम सम्झौता बमोजिम पेट्रोलियम खर्चको परिभाषाभित्र पर्ने तर नेपाल सरकारलाई दिएको पेट्रोलियम खर्चको विवरणमा समावेश नभएका सबै खर्चहरू ।

(च) बीमा वा बचावटको करारबाट असूल उपर भएको नोक्सानी ।

(छ) व्यक्तिगत खालका खर्च, उपहार वा दान दातव्य ।

(ज) पेट्रोलियम सम्झौता सम्पन्न हुनुभन्दा पहिले गरेको खर्च ।

(झ) डलर र नेपाली मुद्राको सटही दरको परिवर्तनबाट भएको विदेशी मुद्रा विनियमसम्बन्धी नोक्सानी बाहेक अन्य विदेशी मुद्रा विनिमयसम्बन्धी नोक्सानी ।

(ञ) नेपाल सरकारलाई तिरेको बोनस ।

७. **आय विवरण**: (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको ढा"चामा ठेकेदारले देहायबमोजिम पेट्रोलियम उद्योगको आय विवरण दाखिल गर्नु पर्नेछः-

(क) प्रत्येक त्रैमाकि अवधि समाप्त भएको तीस (३०) दिनभित्र अनुमानित त्रैमासिक आय विवरण ।

(ख) प्रत्येक लेखा अवधि समाप्त भएको तीन (३) महीनाभित्र वार्षिक आय विवरण ।

(२) उपनियम (१) को खण्ड (क) बमोजिम त्रैमासिक आय विवरण दाखिला गर्दा ठेकेदारले अनुमानित त्रैमासिक आयकर पनि दाखिला गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

(३) प्रत्येक लेखा अवधि समाप्त भएको तीन (३) महीनाभित्र उपनियम (२) को अधीनमा रही ठेकेदारले तिर्न बाँकी आयकर तिर्नु वा बढी तिरेको आयकर फिर्ता लिन निवेदन दिनु पर्नेछ ।

८. **पेट्रोलियम उद्योगको कूल आय** : पेट्रोलियम उद्योगको कूल आय बिक्री वितरण गरिएको पेट्रोलियमको मूल्य र पेट्रोलियम कार्यसित सम्बन्धित अन्य सबै आय बराबरको हुनेछ । बिक्री वितरण गरिएको पेट्रोलियमको मुल्य पेट्रोलियम सम्झौताको व्यवस्था बमोजिम निर्धारण गरिनेछ ।

९. **पेट्रोलियम उद्योगको खुद आय** : पेट्रोलियम उद्योगको प्रत्येक लेखा अवधिको खुद आय निर्धारण गर्दा नियम ८ बमोजिम निर्धारण गरिएको कूल आयमा चालू सञ्चालन खर्च, नियम १० बमोजिम पूँजिगत खर्चको ह्रास (डिप्रिसियशन) र नियम ११ बमोजिम वितेको लेखा अवधिहरूबाट सञ्चित नोक्सानी समेत कट्टा गरी निर्धारण गरिनेछ ।

१०. **पूँजिगत खर्चको ह्रास**: (१) पूँजिगत खर्चको ह्रास पहिलो लेखा अवधि वा सम्पत्तिलाई प्रयोगमा ल्याएको लेखा अवधि मध्ये जुन पछि पर्छ सो अवधिदेखि देहाय बमोजिम कट्टा गरिनेछ :-

(क) अन्वेषण पूँजिगत ह्रास तुरुन्तै,

(ख) विकास इनार खन्न, परीक्षण गर्न र पूरा गर्न गरिएको पूँजिगत खर्चको ह्रास चार (४) वर्षमा ।

(ग) अन्य सबै पूँजिगत खर्चको ह्रास छ (६) वर्षमा ।

(२) ह्रास कट्टीको हिसाब सोझो तरिकाको आधार (स्ट्रेटलाइण्ड बेसिस) मा गरिनेछ ।

(३) प्रयोगबाट निकालिएको कुनै सम्पत्तिको ह्रास कट्टी गर्ने बाँकी पूँजिगत खर्चको ह्रास माथि उल्लेखित हिसाबले कट्टा गरिनेछ । तर अप्रत्याशीत रूपले त्यस्तो सम्पत्तिको विनाश वा नोक्सानी भएमा ह्रास कट्टी गर्न बाँकी मूल्य त्यसरी विनाश वा नोक्सानी भएको वर्षमा चालू सञ्चालन खर्चको रूपमा कट्टा गर्न सकिनेछ ।

नेपाल कानून आयोग

११. **नोक्सानी अगाडि सार्ने** : कुनै लेखा अवधिको पेट्रोलियम उद्योगको नोक्सानी अगाडि सार्न सकिनेछ र त्यसपछिको कुनै लेखा अवधिमा खुद आय निर्धारण गर्दा त्यस्तो नोक्सानी कुल आयबाट कट्टा गर्न सकिनेछ ।

१२. **लेखाविधि** : यस नियमावलीमा प्रष्ट व्यवस्था भएकोमा बाहेक पेट्रोलियम उद्योगको कुल आय र खुद आय निर्धारण गर्ने लेखाविधि नियम र चलन अन्तर्राष्ट्रिय पेट्रोलियम उद्योगमा सामान्यतः लागू हुने लेखाविधि नियम र चलन अनुरूप हुनेछ ।

१३. **बचाउ** : यस नियमावलीमा लेखिएदेखि बाहेक अन्य कुरामा आयकर ऐन, २०५८ र सो अन्तर्गत बनेको नियमबमोजिम हुनेछ ।

नेपाल कानून आयोग

---

द्रष्टव्य :- (१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर भएका शब्दहरू "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(२) पेट्रोलियम उद्योग (आयकर) (पहिलो संशोधन) नियमावली, २०७० बमोजिम रुपान्तर भएका शब्दहरु "आयकर ऐन, २०३१" को सट्टा "आयकर ऐन, २०५८" ।